## सम्बत् २०७७ साल असोज 1 गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| | अर्थ मन्त्रालय | एक्जिआटा इन्भेष्टमेन्ट (यू.के.) र एनसेल प्रा.लि.ले नेपाल सरकारका विरुद्ध International Center for the Settlement of Investment Disputes (ICSID) मा दिएको मध्यस्थता सम्बन्धी मुद्दा (ICSID Case No. ARB/19/15) को प्रतिरक्षा गर्ने। |
| | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | रासायनिक मलको समयमै आपूर्ति हुन नसक्दा कृषकहरूलाई उपलब्ध गराउनुपर्ने रासायनिक मलको अभाव देखिएकोले बंगलादेश सरकारसँग आवश्यक समन्वय गरी 50 (पचास) हजार मेट्रिक टन युरिया मल यथाशीघ्र सापटी लिने र समयमै फिर्ता गर्ने व्यवस्था प्रचलित कानूनबमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गर्ने । |
| | गृह मन्त्रालय | राम दयाल मण्डल खत्वेलाई तत्कालीन जनकपुर अञ्चल अदालतबाट मिति २०४३।०४।१५ मा भएको फैसला बमोजिमको २ बर्ष २ महिना १२ दिन कैद सजाय र जरीवाना रु.२८।४२ समेत माफी दिन सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिस गर्ने। |
| | गृह मन्त्रालय | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु हुने डा. सन्दुक रुइटसमेतका जम्मा 594 (पाँच सय चौरानब्बे मात्र) जना महानुभावहरूलाई नेपालको संविधानको धारा 277 बमोजिम विभुषण प्रदान गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। |
| | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, 2077 स्वीकृत गर्ने। |
| | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | कोभिड १९ को रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष रुपमा संलग्न हुने चिकित्सक, नर्स, स्वास्थ्य प्राविधिक, महिला स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सरसफाईमा संलग्न हुने श्रमिक, शव व्यवस्थापनमा संलग्न जनशक्ति, एम्बुलेन्स चालक, प्रत्यक्ष संलग्न हुने सुरक्षाकर्मी र कर्मचारीहरुलाई २०७७ श्रावण १ गते देखि कोरोना अवधिभर रु २५ लाखको निःशुल्क वीमा/क्षतिपूर्ती प्रदान गर्न स्वीकृत गर्ने। |

**सम्बत् २०77 साल असोज 6 गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू**

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| 1. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल-चीन व्यापार संयुक्त कार्यदलको प्रथम वैठक (भर्चुअल) को वार्ता टोली र कार्यसूची स्वीकृत गर्ने। |
| | गृह मन्त्रालय | सिन्धुपाल्चोक र वाग्लुङ जिल्लाहरूलाई २०७७ असोज मसान्तसम्म लागु हुने गरी विपद सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने। |
| | परराष्ट्र मन्त्रालय | United Nations Haiti Cholera Response Multi-Partner Trust Fund मा नेपाल सरकारको तर्फबाट अमेरिकी डलर ५,०००।- (पाँच हजारश्री संयुक्त राष्ट्र सङ्घका लागि ( नेपालको स्थायी नियोग, न्यूयोर्कमार्फत उपलब्ध गराउने। |
| | श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय | नेपाल सरकार र इजरायल सरकारबी च श्रम सम्झौता (Agreement) मा हस्ताक्षर गर्न इजरायलका लागि नेपाली राजदूत श्री अन्जान शाक्यलाई अख्तियारी प्रदान गर्ने। |
| | श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय | निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको निर्वाचन सम्बत् २०७७ साल असोज २४ गते शनिवारका लागि तोकिएकोमा, कोभिड-१९ को संक्रमणको जोखिम वढिरहेको हुनाले उक्त मितिको निर्वाचन स्थगित गरी निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको निर्वाचन मिति २०७७ मंसीर २७ गते गर्ने गरी निर्वाचनको मिति तोक्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत श्रम तथा व्यवसायजन्य सुरक्षा विभागलाई निर्देशन दिने । |
| | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल सरकार र जनवादी गणतन्त्र चीन सरकार बीच दुई देशमा रहेका महत्वपूर्ण शास्त्रीय महत्वका पुस्तकहरुको अनुवाद र प्रकाशन विषयमा हुने समझदारी पत्रमा समकक्षी मिलाई हस्ताक्षर गर्न स्वीकृति दिने। |
| | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | गुल्मीको रेसुङ्गा नगरपालिका र बेलायतको Hawkinge Town Council बीच भगिनी सम्बन्ध कायम गर्न स्वीकृति प्रदान गर्ने। |
| | गृह मन्त्रालय | 1. सगरमाथा आरोहण गरेर विश्व किर्तिमान कायम गर्ने विश्वविख्यात आरोही आङरिता शेर्पा, सोलुखुम्बुको मिति 2077 साल असोज ५ गते सोमबार 72 वर्षको उमेरमा निधन भएको छ । उहाँको निधनबाट राष्ट्रले अपूरणीय क्षति व्यहोर्नु परेको छ । उहाँको दुःखद् निधन भएकोमा शोक प्रकट गर्दै दिवङ्गत आत्माप्रति श्रद्धासुमन अर्पण गर्ने गर्ने र परिवारजनमा गहिरो समवेदना व्यक्त गर्ने।<br>2. दिवङ्गत आङरिता शेर्पाको अन्तिम संस्कार राष्ट्रिय सम्मानका साथ गर्ने । यसका लागि आवश्यक सम्पूर्ण प्रबन्ध गृह मन्त्रालयले मिलाउने। अन्त्येष्टि र काजक्रियाको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्ने। |